# दमक नगरपालिका, झापा
# स्थानीय राजपत्र


| | |
|---|---|
| बर्ष : ५ | प्रमाणीकरण मिति : २०७८/८/२१ |
| संख्या : ५ | प्रकाशन मिति : २०७८/९/१५ |


## भाग : २
## २०७८ सालको नियमावली संख्या : १
## दमक नगर स्वास्थ्य तथा सरसफाइ नियमावली, २०७८

**प्रस्तावना :** नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सञ्चालन गर्न, नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको व्यवस्थापन गर्न तथा स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने स्वास्थ्य संस्थाहरूको सञ्चालन अनुमति प्रक्रिया, गुणस्तर मापदण्ड अनुगमन, नियमन, व्यवस्थापन संयन्त्र, सेवा विस्तार, स्तरवृद्धि जस्ता प्रक्रियालाई सरल, सहज र प्रभावकारी बनाई नगरपालिकामा स्वास्थ्य सेवालाई थप व्यवस्थित, जनमुखी र गुणस्तरीय बनाउन वाञ्छनीय भएकाले नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी, दमक नगरपालिकाले यो नियमावली बनाएको छ ।

# परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो नियमावलीको नाम" **दमक नगर स्वास्थ्य तथा सरसफाई नियमावली, २०७६"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) **"संघीय जनस्वास्थ्य ऐन"** भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ ।

ख) **"ऐन"** भन्नाले दमक नगरपालिकाको "स्वास्थ्य तथा सरसफाइ ऐन २०७५" लाई सम्झनु पर्छ ।

ग) **"निर्देशिका" वा "कार्यविधि"** भन्नाले यस नियमावलीको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका वा कार्यविधि सम्झनु पर्छ ।

घ) **"नगरपालिका"** भन्नाले दमक नगरपालिका सम्झनु पर्छ ।

ङ) **"नगरपालिका क्षेत्र"** भन्नाले दमक नगरपालिकाको भू-भाग सम्झनु पर्छ।

च) **"कार्यपालिका"** भन्नाले दमक नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

छ) **"प्रमुख"** भन्नाले नगरपालिका नगर प्रमुख सम्झनु पर्छ ।

ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले दमक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ

झ) **"लेखा प्रमुख"** भन्नाले दमक नगरपालिकाको लेखा प्रमुखलाई सम्झनु पर्छ ।

ञ) **"अनुगमन समिति"** भन्नाले **दमक स्वास्थ्य तथा सरसफाई ऐन, २०७५** को दफा ११ बमोजिम यस नियमावलीको नियम ५१ मा व्यवस्था भएको अनुगमन समितिलाई सम्झनु पर्छ ।

ट) **"चिकित्सक तथा स्वास्थ्यकर्मी"** भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवाप्रदान गर्न सम्बन्धित परिषद्बाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

ठ) **"व्यवस्थापन समिति"** भन्नाले स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५ को दफा ७ को उपदफा (१) र (२) बमोजिम गठित स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

ड) **"स्वास्थ्य संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजत पत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारीको रुपमा संचालित स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

ढ) **"शाखा"** भन्नाले कार्यपालिकाको स्वास्थ्य तथा सरसफाइ सम्बन्धी शाखा सम्झनु पर्छ ।

## परिच्छेद-२

## आधारभूत र आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन

**३. आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने :** (१) जनस्वास्थ्य सेवा ऐन,२०७५ बमोजिम जनस्वास्थ्य सेवा नियमावली, २०७७ मा सूचीकृत सेवा आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निःशुल्क उपलव्ध हुनेछन् ।

(२) उपनियम (१) को प्रयोजनका लागि आधारभूत स्वास्थ्य सेवाहरु नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थामार्फत उपलव्ध गराउनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय आवश्यकता, औचित्य र स्रोतको उपलव्धताका आधारमा ऐनको दफा ३ को

उपदफा (३) बमोजिम कार्यपालिकाले आधारभूत स्वास्थ्य सेवाहरूको सूची थप गरी नि:शुल्क उपलब्ध गराउन सक्नेछ।

(४) उप नियम (३) बमोजिम थप गरिएका आधारभूत स्वास्थ्य सेवाका लागि नगरपालिकाले थप स्रोतको व्यवस्थापन गर्नेछ।

(५) उप नियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र पर्ने संघीय र प्रदेश सरकार मातहतमा संचालित कुनै स्वास्थ्य संस्था मार्फत वा गैरसरकारी तथा निजी स्वास्थ्य संस्थावाट संचालित स्वास्थ्य संस्थासँग सम्झौता गरी आधारभूत स्वास्थ्य सेवा उपलव्ध गराउन सक्नेछ।

(६) नगरपालिका क्षेत्र भित्र सञ्चालित प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने आधारभूत स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तब्य समेत खुल्ने गरी सूचना पाटी सबैले देख्ने स्थानमा सार्वजनिक रुपमा राख्नु पर्नेछ।

४. **आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने :** (१) स्वास्थ्य संस्थाले ऐनको दफा, २९ बमोजिम प्रदान गर्नु पर्ने आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

(क) नगरपालिका भित्रका निजी, गैर सरकारी तथा नगर अस्पताल वा प्राथमिक अस्पतालहरुले आफुले प्रदान गर्ने सेवाको सम्वन्धमा चौबिसै घण्टा आकस्मिक सेवा प्रदान गर्नु पर्नेछ।

(ख) नगरपालिका भित्र रहेका अन्य स्वास्थ्य संस्थाले आफ्नो संस्थामा संभव हुने उपचार तत्कालै गर्नु पर्नेछ।

(ग) नगरपालिका भित्रका निजी, गैर सरकारी तथा नगर अस्पताल वा प्राथमिक अस्पतालहरुले प्रचलित कानून बमोजिम आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

(घ) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवाको लागि आएका विरामीहरुलाई आवश्यक पर्ने सबै आकस्मिक सेवा आफ्नो स्वास्थ्य

संस्थामा उपलब्ध नभएमा उपलब्ध भएसम्मको आकस्मिक स्वास्थ्य सेवा तत्काल प्रदान गरी थप उपचारका लागि कारण खोली स्वास्थ्य संस्थामा तत्काल प्रेषण गर्नु पर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र सञ्चालित प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने आकस्मिक सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तब्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने स्थानमा सार्वजनिक रुपमा राख्नु पर्नेछ ।

(३) आकस्मिक सेवा प्रदान गर्ने नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले आफुले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनु पर्नेछ र आधारभूत सेवा बाहेकको आकस्मिक उपचारको खर्चको ब्यवस्थापन स्वास्थ्य वीमा भएकोमा सोही वीमावाट र वीमा नभएमा विरामी ल्याउने नजिकको नातेदार वा संरक्षकले व्यहोर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम आकस्मिक सेवा प्रदान गर्दा सम्बन्धित सेवाग्राहीलाई तत्काल उपचार शुरु गर्नु पर्नेछ । उपचार शुरु गरेपछि त्यस्तो सेवा प्राप्त गर्दा पूरा प्रक्रिया अबलम्बन गर्न लगाउनु पर्नेछ ।

(५) नगरपालिकाभित्र संचालित आकस्मिक सेवा प्रदान गर्ने अस्पतालले अटुट रुपमा आवश्यक पानी, बिजुली, संचार, यातायात, कर्मचारी आवास, आकस्मिक फार्मेसी, आकस्मिक मर्मत सम्भार, आकस्मिक निदान सेवा, अक्सिजन, सुरक्षा प्रावधान आदिको विशेष ब्यवस्था गर्नु पर्नेछ ।

(६) एकै पटक धेरै आकस्मिक सेवाग्राहीहरु उपचारका क्रममा आएको अवस्थामा सेवाग्राहीको जोखिमको प्राथमिकीकरण गरी सेवाप्रदान गर्नु पर्नेछ।

(७) अतिविपन्न, बेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई आधारभूत र आकस्मिक सेवाबाट बन्चित गरिने छैन । त्यस्ता सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन नगरपालिकाले आफ्नो कोषबाट खर्च व्यहोर्नेछ ।

(८) विपन्न नागरिकको स्वास्थ्य उपचार सम्बन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि निर्माण गरी नगरपालिकाको स्वास्थ्य शाखाबाट कार्यान्वयन गर्नेछ ।

५. **स्वास्थ्यकर्मी तथा कर्मचारीलाई थप सुविधा :** स्वास्थ्य सेवाप्रदान गर्ने स्वास्थ्य संस्थाले आफु मातहत कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई देहायको थप सुविधा प्रदान गर्न सक्नेछ :

(क) नियमित कार्यालय समय बाहेक काम गरे वापत स्वास्थ्य संस्था व्यवस्थापन समितिले कार्यविधि बमोजिम थप सुविधा र कार्यवोझ तथा कार्य प्रकृतिका आधारमा प्रोत्साहन सुविधा समेत उपलब्ध गराउन सक्नेछ ।

(ख) अतिरिक्त समयकाम गर्नु पर्दा अधिकार प्राप्त अधिकारीले खटाएको हुनु पर्नेछ ।

(ग) स्वास्थ्य सेवामा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई कार्यसम्पादन मूल्यांकन, तालिम तथा वृत्ति विकासको अवसर प्रदान गर्दा प्राथमिकताका साथ विशेष ग्राह्यता प्रदान गर्ने र क्षमता अभिवृद्धिको व्यवस्था स्वास्थ्य संस्थाले मिलाउनु पर्नेछ ।

६. **प्रेषण सेवा :** (१) स्वास्थ्य संस्थामा आएका सेवाग्राहीलाई उपयुक्त कारणले सेवा प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध भएको सेवाप्रदान गरी थप सेवाका लागि त्यस्ता सेवाग्राहीलाई सो सेवा प्राप्त हुन सक्ने स्वास्थ्य संस्थासँग समन्वय गरी प्रेषण गर्नुपर्नेछ ।

तर आफ्नो संस्थामा उपयुक्त सेवा र जनशक्ति हुँदाहुँदै अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाईने छैन ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित स्वास्थ्य संस्थाले प्रेषण गर्ने संस्थाको पूर्व पहिचान गरी सो को अध्यावधिक सूची राख्नु पर्नेछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चिता गरेर मात्र पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पूर्जा सहित प्रेषण गरी विवरण अध्यावधिक गरी राख्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम प्रेषण भई आएका बिरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पूर्जा सहित डिस्चार्ज गरी सो को विवरण अध्यावधिक रुपमा राख्नु पर्नेछ ।

(५) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायत खर्च सम्वन्धी व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(६) प्रेषण गर्दा प्रेषित गर्ने स्वास्थ्य संस्थाले उपलव्ध गराउने न्युनतम उपकरण र सेवा सुविधाहरू प्रचलित प्रेषण मापदण्ड बमोजिम हुनेछ ।

७. **इच्छाईएको स्वास्थ्य संस्थामा प्रेषण गर्न सकिने :** (१) नियम ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि सुरु अस्पतालमा उपलब्ध नभएको सेवाका लागि प्रेषण गर्नुपर्ने अवस्था भएमा सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्ने छैन ।

(२) प्रेषण सम्बन्धी अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

८. **जानकारी दिनु पर्ने :** (१) सेवाग्राहीलाई देहायका विषयमा जानकारी दिनुपर्नेछ

(क) आफ्नो स्वास्थ्य र उपचारको अवस्था सम्बन्धमा,

(ख) रोगको निदान र उपचारसँग सम्बन्धित सेवाको स्तर र विकल्प सम्बन्धमा,

(ग) स्वास्थ्य उपचार सम्बन्धी विकल्पसँग सम्बन्धित अनुमानित खर्च र सम्भावित परिमाण सम्बन्धमा,

(घ) सेवाग्रहीले स्वास्थय सेवा अस्वीकार गर्न सक्ने र सेवा अस्वीकार गर्दा उत्पन्न हुन सक्ने सम्भावित परिमाण, जोखिम र दायीत्व सम्बन्धमा ।

(२) उपदफा (१) बमोजिमको जानकारी उपलब्ध गराउँदा सम्भव नभएसम्म निजले बुझ्ने भाषामा उपलब्ध गराउनु पर्नेछ ।

(३) अस्पतालमा उपचार गर्न आएका विरामीलाई देहायको अवस्थामा निजलाई जानकारी दिन नसकिने भएमा निजको नजिकको नातेदार वा विरामी लिई आउने व्यक्तिलाई विरामीको अवस्थाको बारेमा जानकारी दिनुपर्नेछ :

क) अचेत वा अर्ध चेतमा भएको अवस्था,

ख) मानसिक सन्तुलन गुमेको अवस्था,

ग) बोल्न, सुन्न वा देख्न नसक्ने अवस्था र

घ) अनुमति दिएको अवस्थामा ।

(४) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि आकस्मिक अवस्था भै तत्काल उपचार सेवा प्रदान गर्नु परेमा LifeSaving Treatment प्रदान गर्नका लागि विरामी वा उसको नजिकको व्यक्तिलाई सेवा दिनु पूर्व जानकारी प्रदान गर्न नसकिने अवस्था भएमा पूर्व जानकारी दिन बाध्य हुनेछैन ।

९. **डिस्चार्ज सारांश :** (१) आफ्नो स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराएको बिरामीलाई डिस्चार्ज सारांश सामान्यतया अनुसूची-१ को ढांचामा दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको विवरणहरु उल्लेख गरी स्वास्थ्य संस्था आफैले फरक ढांचामा डिस्चार्ज सारांश वनाउन वाधा पर्ने छैन :

क) विरामीको परिचय पत्र नम्वर

ख) मुख्य समस्याहरु

ग) भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टको सारांश

घ) तत्काल गरिएको परीक्षणको सारांश

ङ) उपचारको क्रममा भेटिएका तथ्यहरु

च) उपचारमा अपनाईएको प्रक्रिया

छ) उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि

ज) गरिएको उपचारको विवरण

झ) डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिएको निर्देशन तथा डाइट, व्यायाम, उपचार पद्धति, औषधिको मात्रा, प्रक्रिया तथा अवधि,

ञ) पुन:आउनु पर्ने वा नपर्ने कुराको जानकारी

ट) निदानात्मक (डायग्नोष्टिक) जाँचहरूको रिपोर्टको सारांश

ठ) अन्य आवश्यक कुराहरु

**१०. विशेषज्ञ सेवा सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले संचालन गरेका अस्पतालमा विशेषज्ञ सेवा उपलव्ध गराउन संघीय र प्रदेश सरकारसँग समन्वय गरी नगरपालिकाले आवश्यक जनशक्ति तथा उपकरणको व्यवस्था गर्नेछ ।

(२) नगरपालिकाले संघ तथा प्रदेश सरकार र अन्य संघ संस्था तथा अस्पतालहरूसँगको समन्वय र साझेदारीमा नियमित विशेषज्ञ सेवा तथा विशेषज्ञ घुम्ती शिविर संचालन गर्न सक्नेछ ।

## परिच्छेद-३

## स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन

११. **व्यवस्थापन समितिको गठन र पदाधिकारीहरुको पदावधि** : ऐनको दफा ७ बमोजिम नगरपालिका अन्तर्गत स्थापना र संचालन भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन भएको मितिले पाँच वर्षको हुनेछ तर पदाधिकारीको पदावधि बाँकी रहदै स्थानीय तहको निर्वाचन भएमा पदावधि समाप्त हुनेछ।

१२. **पदावधि रिक्त हुने**: निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ ।

(क) मृत्यु भएमा ,

(ख) राजिनामा दिएमा ,

(ग) बिना सूचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा

(घ) फौजदारी अभियोग दर्ता भएमा,

(ङ) पदावधि समाप्त भएमा,

(च) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।

**१३. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) स्वास्थ्य संस्थाबाट गुणस्तरीय, प्रभावकारी एवं दिगो सेवाप्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(ख) स्वास्थ्य सेवाको पहुँचवाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने तथा अल्पसंख्यक, आदिवासी, जनजाति, ज्येष्ठ नागरिक, विपन्नवर्ग, पिछडा वर्ग, अपाँगता भएका  बालबालिका, किशोर किशोरी, महिला समूह र दुर्गम क्षेत्रलाई समेत मध्यनजर राखी स्वास्थ्य संस्थाको प्राथमिकता र योजना तर्जुमा गर्ने ।

(ग) स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालनका लागि आवश्यक स्रोत, साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने।

(घ) स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(ङ) स्वास्थ्य सेवा तथा सुबिधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताका लागि आवश्यक प्रवन्ध मिलाउने ।

(च) स्वास्थ्य बिमा कार्यक्रम, खोप कार्यक्रम, मातृशिशु सुरक्षा कार्यक्रम लगायतका राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(छ) अतिविपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवाप्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने।

(ज) स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको क्षमता विकास र एवं बृत्ति विकासको लागि आवश्यक कार्य गर्ने ।

(झ) कर्मचारीहरूबाट उत्कृष्ट कार्य सम्पादनको व्यवस्था मिलाउन प्रशासनिक नेतृत्वलाई आवश्यक निर्देशन दिने ।

(ञ) कर्मचारीको कार्य विवरण तयार गर्ने, अभिमुखीकरण, तालिम  र तथा अन्य सेवा सुविधाको व्यवस्था गर्ने ।

(ट) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको एकीन तथ्यांक अध्यावधिक गर्ने एवं सम्पत्तिको संरक्षण गर्ने, गराउने ।

(ठ) स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरूको उपलव्धता सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने, स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको ब्यवस्थापन गर्ने ।

(ड) स्वास्थ्य संस्थाबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ढ) स्वास्थ्य संस्थाको वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेस गर्ने।

(ण) अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्य काकार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(त) नगरपालिकाले वनाएको आवधिक कार्यक्रम कार्यन्वयन, अनुगमन, समीक्षा र आवधिक प्रतिवेदन तयार गरी नगरपालिकामा पठाउने ।

(थ) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(२) नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

१४. **व्यवस्थापन समितिको बैठक :** (१) ब्यवस्थापन समितिको अध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवले कम्तिमा महिनाको एक पटक

समितिको बैठक बोलाउनु पर्ने छ तर आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सक्ने छ ।

(२) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा वैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ र कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन् तर आमन्त्रित सदस्यले मतदानमा भाग लिनपाउने छैनन् ।

(४) यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ

(५) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(६) व्यवस्थापन समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**१५. स्वास्थ्य संस्था व्यवस्थापन कोष :** (१) स्वास्थ्य संस्था व्यवस्थापनका लागि एक कोष रहने छ र सो कोषमा देहायका रकम रहनेछ :

(क) नगरपालिकाबाट प्राप्त रकम ।

(ख) स्वास्थ्य संस्थाको आम्दानी ।

(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(घ) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट संकलित चन्दा सहयोग वापत प्राप्त रकम ।

(च) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिवाट प्राप्त अनुदान वा सहयोग रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) कोष संचालनका लागि व्यवस्थापन समितिले नगर कार्यपालिकाको स्वीकृतिमा कार्यविधि बनाई संचालन गर्न सक्नेछ ।

(३) उपनियम (१) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) दमक अस्पताल र अन्य स्वास्थ्य संस्थामा आवश्यकता अनुसार कार्यविधि निर्माण गरी अक्षय कोष स्थापना गर्न सकिनेछ ।

(५) स्वास्थ्य संस्थालाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोषमा आम्दानी बाध्नु पर्नेछ ।

(६) स्वास्थ्य संस्था व्यवस्थापन समितिको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**१६. खाता सञ्चालन :** स्वास्थ्य संस्था व्यवस्थापन समितिको खाता संचालन स्वास्थ्य संस्था प्रमुख र लेखा हेर्न तोकिएको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

**१७. लेखा र लेखा परीक्षण :** (१) स्वास्थ्य संस्थाको आयव्यय दुरुस्त राख्ने र प्रचलित कानून बमोजिम लेखा परीक्षण गराउने जिम्मेवारी स्वास्थ्य संस्था प्रमुखको हुनेछ ।

(२) स्वास्थ्य संस्थाको आय ब्ययको लेखा नेपाल सरकारले तोकेको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ ।

(४) कोष खाता र खर्च खाताबाट भएको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता खाता संचालकको हुनेछ ।

(५) स्वास्थय संस्थाको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरिक्षणका

सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्र्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ ।

(६) स्वास्थ्य संस्थालाइ आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र अरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र दमक नगर सार्वजनिक खरिद नियमावली, २०७७ बमोजिम हुनेछ ।

(७) व्यवस्थापन समितिले प्रचलित कानून बमोजिमको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(८) आन्तरिक लेखा परीक्षण नगरपालिकाले तोकेको लेखा परीक्षकले गर्नेछ ।

(९) अन्तिम लेखा परीक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखा परीषकबाट हुनेछ ।

१८. **अन्य स्वास्थ्य संस्थाहरुको कोष** : (१) दमक अस्पताल बाहेक दमक नगरपालिकाको मातहतमा रहेकाका अन्य स्वास्थ्य संस्थाहरुमा समेत आवश्यकता अनुसार कोष स्थापना गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको कोष स्थापना र संचालनका लागि दमक नगर कार्यपालिकाले कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

१९. **बैठक भत्ता** : स्वास्थ्य संस्था व्यवस्थापन समितिको नियमित मासिक बैठकको भत्ता नगरपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

२०. **निर्देशन पालना गर्नुपर्ने** :कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२१. **नगरपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुने** : स्वीकृत बार्षिक कार्यक्रम बाहेक नगरपालिकाको स्वीकृति विना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्ने कार्य गर्नु हुँदैन ।

२२. **अधिकार प्रत्यायोजन** :समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद-४

## जनशक्ति व्यवस्थापन

२३. **पदको किसिम :** (१) नगरपालिकामा स्वास्थ्य सेवाका दरवन्दीहरू स्थानीय सेवा ऐन बमोजिम हुनेछन् ।

(२) स्थानीय सेवा ऐन नबनेसम्म नगरपालिकाका स्वास्थ्य सेवाका कर्मचारीको पद देहायअनुसार रहनेछन् :-

(क) अधिकृत स्तरका पद

(ख) सहायक स्तरका पद

(३) उपनियम (२) मा उल्लेख भएका पदहरूको तह देहाय बमोजिम हुनेछ :-

(क) अधिकृत स्तर

(१) अधिकृत स्तर छैठौं तह

(२) अधिकृत स्तर सातौं तह

(३) अधिकृत स्तर आठौं तह

(४) अधिकृत स्तर नवौं तह

(५) अधिकृत स्तर दशौं तह

(ख) सहायक स्तर

(१) सहायक स्तर चौथो तह

(२) सहायक स्तर पाँचौं तह

(ग) श्रेणी विहिन

(१) पहिलो तह

(२) दोस्रो तह

(३) तेस्रो तह

(४) चौथो तह

(५) पाँचौं तह

(४) यो नियमावली प्रारम्भ हुँदाका बखत नगरपालिकामा कायम रहेका पदहरू यसै नियमावली बमोजिम रहेको मानी सोही बमोजिम तह मिलान गरिनेछ ।

२४. **पदपूर्ति :** (१) नगरपालिका अन्तर्गतका स्वास्थ्य सेवाका कर्मचारीहरु स्थानीय सेवा ऐन बमोजिम प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति गरिनेछ ।

(२) उप नियम (१) बमोजिम प्रदेश लोकसेवा आयोग गठन नभएसम्म वा स्थानीय सेवा ऐन नबनेसम्मका लागि नगरपालिकाको अनुरोधमा संघीय लोकसेवा आयोगबाट पदपूर्ति गर्न बाधा पर्ने छैन।

२५. **सरुवा गर्न सक्ने :** (१) नगरपालिकाले आफू अन्तर्गतको स्वास्थ्य सेवाको कुनै कर्मचारीलाई नियम २३ को उपनियम (३) को अधीनमा रही एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कर्मचारी सरुवा गर्दा लिइने आधार तथा मापदण्ड नगरपालिकाले तोके बमोजिम हुनेछ ।

२६. **काजमा खटाउन सकिने :** (१) नगरपालिका भित्रको स्वास्थ्य सेवालाई व्यवस्थित गर्न आफु मातहतको स्वास्थ्य संस्थाको कुनै स्थायी कर्मचारीलाई अर्को स्वास्थ्य संस्थामा काजमा खटाउन सक्नेछ ।

(२) उपनियम(१)बमोजिम काजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकूल प्रभाव नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२७. **कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था :** (१) नगरपालिका भित्रको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ ।

(२) उपनियम (१)बमोजिमको ऐन नबनेसम्म कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था निज नियुक्ति हुँदाका बखत कायम रहेको प्रचलित कानून बमोजिम हुनेछ ।

२८. **संगठन संरचना र दरबन्दी :** (१) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तथा दरबन्दी सृजना वा हेरफेर गर्दा कर्मचारीका लागि चाहिने तलब, भत्ता, सञ्चय कोष, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधिउपचार सम्बन्धी, विदा जस्ता सेवा सुविधाका लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(२) यस नियमावली बमोजिम नगरपालिका भित्रको कुनै स्वास्थ्य संस्थाको संगठनको स्वरूप तयार गर्ने वा संगठन संरचनामा हेरफेर गरी स्थायी पद सृजना वा खारेज गर्ने निर्णय भएपछि पन्ध्र दिनभित्र त्यस्तो निर्णयको प्रतिलिपि नगरपालिका कर्मचारी अभिलेख पुस्तिकामा अभिलेख राखी एक महिना भित्र प्रचलित कानून बमोजिमको प्रदेश वा राष्ट्रिय कितावखानामा पठाउनु पर्नेछ ।

२९. **विशेष पदको सृजना :** (१) देहायको अवस्थामा विशेष पदको सृजना गर्न सकिनेछ :

(क) कुनै कर्मचारी छात्रवृत्ति प्राप्त गरी वा नगरपालिकाको स्वीकृतिमा अध्ययन वा ३ महिनाभन्दा लामो अवधिको तालिममा खटिएमा,

(ख) कुनै कर्मचारीले ३ महिनाभन्दा बढी बिदा लिई बसेमा,

(ग) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तयार गर्दा फाजिलमा परेको कर्मचारीको पदाधिकार कायम राख्नु पर्ने भएमा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वास्थ्य संस्थाबाट विशेषज्ञ सेवा वा अतिरिक्त स्वास्थ्य सेवाप्रदान गर्ने प्रयोजनका लागि विशेष पदको सृजना गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) को अवस्था विद्यमान नरहेमा त्यसरी सृजना भएको विशेष पद स्वतःखारेज भई कर्मचारी स्वतःअवकाश हुनेछ ।

(४) यस नियम बमोजिमको विशेष पदमा पदपूर्ति गर्दा योग्यता प्रणाली अवलम्बन गरी खुला प्रतिस्पर्धाबाट छनौट गरी करार सेवामा कर्मचारी नियुक्ति हुनेछ ।

३०. **पद दर्ता गर्ने :** नगरपालिकाले नियम २३ बमोजिम सृजना भएका सेवाका पदको सेवा, समूह वा उपसमूह समेत खुल्ने गरी पद सृजना गर्ने निर्णय भएको मितिले एक महिनाभित्र अनिवार्य रूपमा नगरपालिकाको कर्मचारी अभिलेख पुस्तिकामा कार्य विवरण सहितको अभिलेख राखी प्रचलित कानून बमोजिमका प्रदेश वा राष्ट्रिय किताबखानामा पद दर्ताको लागि पठाउनु पर्नेछ ।

३१. **कार्य विवरण :** नगरपालिका अन्तर्गतका स्वास्थ्य सेवाको पदको कार्य विवरण नगरपालिकाले तयार गरी लागू गर्नेछ ।

३२. **कर्मचारीको अभिलेख :**नगरपालिका अन्तर्गतका स्वास्थ्य सेवाका कर्मचारीको व्यक्तिगत विवरण तथा अन्य अभिलेख नगरपालिकामा अद्यावधिक गरी राख्नु पर्नेछ ।

३३. **पद सृजना नभई कर्मचारी नियुक्त गर्न नहुने :** (१) कुनै पनि स्वास्थ्य संस्थामा पद रिक्त नभई वा पद सृजना नभई कर्मचारी नियुक्त गर्नु हुदैन ।

(२) उपनियम (१) विपरित कुनै कर्मचारीलाई नियुक्ति गरी तलब खुवाएमा त्यसरी खुवाएको तलब रकम नियुक्ति गर्ने अधिकारीबाट असूल उपर गरिनेछ ।

३४. **करार गर्न सकिने :** (१) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था चिकित्सक वा स्वास्थ्यकर्मीको पद स्थायी पदपूर्ति नभएसम्म संघीय सरकारबाट तोकिएको मापदण्ड र व्यवस्था अनुसार सेवा करार गरी वा करार सेवामा नियुक्ति गरी कामकाज लगाउन सकिनेछ ।

(२) स्वास्थ्य संस्थामा कार्यवोभ्fका आधारमा मौजुदा जनशक्तिबाट कार्यसम्पादन गर्न कठिनाई भएको अवस्थामा प्रचलित कानून बमोजिम सेवा करार गरी समितिले जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

(३) उपनियम २ बमोजिम सेवा करार गर्दा सम्पादन गर्नुपर्ने कामको स्पष्ट प्रतिवेदन, सो कार्य गर्न आवश्यक जनशक्तिको विवरण र स्वास्थ्य संस्थाको आम्दानीको अवस्थाको कार्यवोझको विश्लेषण गरी समितिले स्वीकृतिका लागि कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम जनशक्ति व्यवस्थापन गर्दा नगरपालिकालाई थप आर्थिक भार नपर्ने गरी गर्नुपर्नेछ ।

(५) सेवा करारमा वा करार सेवामा काममा लगाउँदा अपनाउने कार्यबिधि योग्यता प्रणाली तथा खुला प्रतिस्पर्धात्मक पद्धति प्रचलित कानून बमोजिम हुनेछ ।

**३५. अभ्यासकर्तालाई काममा लगाँउन सकिने:** नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा अभ्यासकर्तालाई काममा लगाउँदा अपनाउने कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**३६. स्थानीय स्वास्थ्य कार्यकर्ता र महिला स्वास्थ्य स्वयंसेविकालाई काममा लगाउँन सकिने :**नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा स्थानीय स्वास्थ्य कार्यकर्ता र महिला **स्वास्थ्य** स्वयंसेविकालाई काममा लगाउँदा अपनाउने कार्यविधि नगरपालिकाले तोके बमोजिमहुनेछ ।

**३७. कार्यसम्पादन सम्झौता गर्ने :** (१) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुखसँग प्रमुख प्रशासकीय अधिकृतले हरेक आर्थिक वर्षका लागि कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

(२) उपनियम (१)बमोजिम गरिने कार्यसम्पादन सम्झौतामा उल्लेख गर्नुपर्ने विवरण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५

## स्वास्थ्य सेवा संचालन अनुमति तथा नवीकरण प्रक्रिया

३८. **स्वास्थ्य सेवा सञ्चालन गर्न नगरपालिकाबाट इजाजतपत्र लिनुपर्ने** : (१) नगरपालिका क्षेत्रभित्रका देहायका स्वास्थ्य संस्थाहरूको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुगमन समितिको सिफारिसका आधारमा नगरपालिकाले इजाजत अनुमति दिन सक्नेछ;

(क) स्वास्थ्य क्लिनिक, आयुर्वेद क्लिनिक, सोवारिग्पा (आम्ची) क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरु,

(ख) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र (मनोसामाजिक) प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरिक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु

(ग) जेरियाट्रिक परामर्श केन्द्र

(घ) “डि” र “इ” वर्गको प्रयोगशाला

(ङ) १५ शैया सम्मको अस्पताल

(२) नगरपालिका क्षेत्रभित्र स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि उप नियम (१) देखि बाहेकका अन्य अस्पतालहरु, विशेषज्ञ अस्पताल तथा संघ र प्रदेशबाट इजाजतपत्र लिने स्वास्थ्य संस्था र स्वास्थ्यसँग सम्बन्धित शिक्षण संस्थाको हकमा इजाजातपत्र लिनुपूर्व वा नवीकरण पूर्व नगरपालिकाको सिफारिस लिनुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम नगरपालिकाबाट इजाजत प्राप्त गरेका वा दर्ता भएका स्वास्थ्य संस्थाहरूको विवरण प्रदेश सरकारमा अद्यावधिक गराउनु पर्नेछ ।

(४) यस नियमावलीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा सम्बन्धी न्यूनतम मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

३९. **इजाजतपत्र प्राप्त नगरी स्वास्थ्य संस्था सञ्चालन गर्न नहुने :** (१) यो नियमावली प्रारम्भ भएपछि कसैले पनि नगरपालिकाबाट इजाजतपत्र प्राप्त नगरी स्वास्थ्य संस्था सञ्चालन गर्नु हुँदैन ।

(२) यो नियमावली प्रारम्भ हुनु भन्दा अगाडिदेखि संचालन भै रहेका स्वास्थ्य संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले ३ महिनाभित्र नगरपालिकामा इजाजत प्राप्त गर्न निवेदन दिनु पर्नेछ ।

(३) उप नियम (२) वमोजिम संचालन इजाजतको निवेदन दिने स्वास्थ्य संस्थाले ऐन तथा यस नियमावली बमोजिम निर्धारित मापदण्ड पूरा भएको रहेछ भने नगरपालिकाले सञ्चालन इजाजत दिनेछ ।

(४) उपनियम (३) वमोजिम मापदण्ड पूरा नभएमा ६ महिना भित्रमा मापदण्ड पूरा गर्ने गरी त्यस्तो मापदण्ड पूरा गर्ने योजना एक महिनाभित्र पेस गर्न लगाई सो अवधिका लागि इजाजतदिनु पर्नेछ ।

(५) यस नियम बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिएपनि इजाजतपत्र नपाउने वा उपदफा (४) वमोजिमको अवधिभित्र मापदण्ड पूरा भएको नपाईएमा त्यस्ता स्वास्थ्य संस्थाको ईजाजत अनुमति नगरपालिकाले खारेज गर्न सक्नेछ ।

४०. **स्वास्थ्य संस्थाको पूर्वाधार निर्माणका लागि मनसायपत्र लिनुपर्ने :** (१) यस नियमावली बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि प्रचलित मापदण्ड बमोजिम अनुसुची-२ को ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगरपालिकाले निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछ :-

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्ययोजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रचलित कानून बमोजिम प्रारम्भिक वातवारणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भए सो को प्रतिवेदन,

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्र, सो क्षेत्र को जनसंख्या र जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुर्याउने थप योगदान,

(३) अनुगमन समितिले उपनियम (२) मा उल्लिखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन तिस दिन भित्र नगरपालिका समक्ष पेस गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगरपालिकाले बढीमा तिन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसायपत्र प्रदान गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा नगरपालिकाले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ ।

(६) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएता पनि यो नियमावली जारी हुँदाको वखत मापदण्ड पूरा गरी इजाजतपत्र लिईसकेका स्वास्थ्य संस्थाले नयाँ स्थानमा स्वास्थ्य संस्था संचालन गर्न, थप सेवाविस्तार गर्न वा नयाँ पूर्वाधार निर्माण/विस्तार गर्नुपर्ने अवस्थामा वाहेक पूर्वाधार निर्माण अनुमति लिनुपर्ने छैन ।

४१. **इजाजतपत्र दिन सकिने :** (१) नियम ४० बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भएपछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित वा पूर्वाधार निर्माण/विस्तार गर्नु नपर्ने अवस्थामा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) नियम ३८ को (१) बमोजिमका स्वास्थ्य संस्था अनुमतिका लागि अनुसुची-४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम प्राप्त भएको निवेदनको प्रक्रिया पुगे नपुगेको रुजु गरी रितपूर्वक प्राप्त भएको निवेदन शाखा प्रमुखले नगरपालिकामा दर्ता गर्नु पर्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिम निवेदन प्राप्त हुन आएमा नगरपालिकाले निवेदन प्राप्त गरेको मितिले सात दिनभित्र अनुगमन समिति खटाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम खटिएको अनुगमन समितिले पन्ध्र दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमती प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस नियमावलीमा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई नगर कार्यपालिकाले पाँच वर्षसम्मका लागि अनुसुची-५ बमोजिमको ढाँचामा स्वास्थ्य सेवा सञ्चालन गर्न इजाजतपत्र दिन सक्नेछ।

(७) यस नियमावली बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपनियम (५) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भए पश्चात कार्यपालिकाको बैठकबाट निर्णय भएको सात दिनभित्र सोको जानकारी सम्बन्धित संस्थालाई दिईनेछ।

(८) उप नियम (६) बमोजिम इजाजतपत्र दिँदा कार्यपालिकाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालनका सन्दर्भमा आवश्यक शर्त तोक्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

४२. **थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनुपर्ने :** स्वास्थ्य संस्थाले आफुले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट यस नियमावली बमोजिम प्रक्रिया पूरा गरी अनुमति लिनु पर्नेछ ।

४३. **अनुमति दस्तुर बुझाउनु पर्ने :** स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसुची-७ मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर नगरपालिकालाई बुझाउनु पर्नेछ ।

४४. **नवीकरण गर्नुपर्ने :** (१) नियम ४१ बमोजिम जारी भएको इजाजतपत्र प्रत्येक पाँच वर्षमा नवीकरण गराउनुपर्नेछ ।

(२) उप नियम (१) बमोजिम अनुमतिपत्र नवीकरण गर्न स्वास्थ्य संस्थाले इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अघि अनुसूची ६ बमोजिमको ढाँचामा सोहि अनुसूचीमा उल्लेख भए बमोजिमका विवरण तथा कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम नवीककरणका लागि निवेदन दिएकोमा नगरपालिकाले अनुगमन समिति मार्फत आवश्यक जाचबुझ गरी प्रतिवेदन

प्राप्त भए पश्चात मापदण्ड पूरा गरेको भएमा नगर कार्यपालिकाको निर्णय अनुसार इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(४) उप नियम (२) बमोजिमको समयमा निवेदन नदिई सो को मनासिव कारण सहित थप एक महिनाभित्र निवेदन दिएमा उप नियम (३) बमोजिम प्रक्रिया पूरा गरी दोव्वर दस्तुर लिइ इजाजतपत्र नवीकरण गर्न सक्नेछ ।

४५. **स्वास्थ्य संस्था गाभिन सक्ने :** (१) स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा वढी स्वास्थ्य सस्थाहरू एक आपसमा गाभिई सेवा संचालन गर्न चाहेमा नगरपालिका समक्ष त्यस्ता स्वास्थ्य संस्थाले सयुंक्त रुपमा निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) अनुसारको निवेदन दर्ता भए पश्चात नगरपालिकाले अनुगमन समितिको राय अनुसार स्वीकृति प्रदान गर्न सक्नेछ ।

४६. **अनुमति खारेजी तथा कारवाही सम्बन्धी ब्यवस्था :** (१) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्न नियम ३९ को उपनियम (२) बमोजिम एक पटकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी इजाजतपत्र नलिने र इजाजतपत्र नवीकरण नगर्ने स्वास्थ्य संस्थाको इजाजतपत्र स्वतः खारेज हुनेछ र सोको जानकारी प्रदेश तथा संघीय सरकारका सम्बन्धित निकायलाई दिनु पर्नेछ ।

४७. **सञ्चालन अनुमति नवीकरण नहुने :**यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा नगरपालिका भित्र संचालित स्वास्थ्य संस्था नवीकरण गरिने छैन :

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने स्वास्थ्य संस्थाले परीषण प्रतिवेदनमा उल्लिखित शर्तहरु पालना नगरेको पाईएमा,

(ग) स्वास्थ्य संस्थाले प्रदान गरेका सेवा तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन नगरपालिकाको कार्यालयमा पेस नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) स्वास्थ्य मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्वन्धित निकाय वा नगरपालिकाले दिएको निर्देशन उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएका समय भित्र भूकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाईएमा ।

(छ) गैर कानूनी क्रियाकलाप गरेको पाईएमा ।

## परिच्छेद-६

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

४८. **स्वास्थ्य सेवा सञ्चालन :** १) स्वास्थ्य संस्थाले आफ्नो उद्देश्य र क्षमता अनुसार नगरपालिकाबाट ईजाजत लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ :

(क) आकस्मिक सेवा,

(ख) बहिरङ्ग सेवा,

(ग) अन्तरङ्ग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो ईमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) प्रबर्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(छ) विशेषज्ञ सेवा, विषयगत विशेषज्ञ सेवा

(ज) फार्मेसी सेवा,

(झ) रक्त सञ्चार सेवा,

(ञ) फिजियोथेरापी सेवा,

(ट) शवगृह व्यवस्थापन सेवा,

(ठ) अस्पताल व्यवस्थापन,

(ड) वातावरण व्यवस्थापन,

(ढ) स्वास्थ्य संस्थाबाट निष्कासित फोहरमैला व्यवस्थापन

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाको क्षेत्राधिकार भन्दा बाहेकका सेवा सञ्चालन गर्दा सम्बन्धित निकायबाट अनुमति लिनका लागि नगरपालिकाले सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

(३) नगरपालिकाभित्र सञ्चालित स्वास्थ्य संस्थाले अन्य कुराका अतिरिक्त देहायका विवरण समेत खुलाई नगरपालिकामा वार्षिक प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(क) दर्ता मिति, दर्ता गर्ने निकाय र दर्ता समाप्त हुने अवधि

(ख) सञ्चालन स्वीकृति पाएका सेवाहरु र उक्त सेवाप्रवाहको अवस्था

(ग) सेवाग्राहीहरुको संख्या

(घ) नगरपालिकाले तोकेका आधारभूत स्वास्थ्य सेवा वितरण गरेको अवस्था र लाभग्राही संख्या

(ङ) स्वास्थ्यकर्मी र चिकित्सकहरुको संख्या र तिनीहरुको विशेषज्ञता

(च) नगरपालिका र अन्य निकायबाट भएको अनुगमन र सुझाव वा निर्देशनको कार्यान्वयनको अवस्था

(छ) प्रचलित कानुन अनुसार तिरेको करको विवरण ।

**४९. स्वास्थ्य सेवा गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड :** (१) नियम ४८ बमोजिमका स्वास्थ्य सेवा संचालन गर्दा नेपाल सरकारले तोके बमोजिम सुनिश्चित गर्नुपर्ने न्यूनतम गुणस्तर सम्बन्धी मापदण्डका अतिरिक्त देहायका मापदण्डहरूको समेत पालना गर्नु पर्नेछ ।

(क) बहिरङ्ग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउने ।

(ख) स्वास्थ्य संस्थामा संघीय सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुनुपर्ने र सो को नियमित र प्रभावकारी अनुगमन गर्ने ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न एकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरू गुणस्तरीय रुपमा संचालन गर्ने कार्य संचालन निर्देशिका बनाई लागू गर्नुपर्ने ।

(घ) स्वास्थ्य संस्थाले बहिरंग सेवाप्रदान गर्ने चिकित्सकहरू उपलव्ध हुने समय, तालिका (दिन र बार खुल्ने गरी) सवैले देख्ने ठाँउमा राखिएको हुनु पर्ने ।

(ङ) स्वास्थ्य संस्थाले उपलव्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकवाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने ।

(च) विरामीले त्यहाँ कार्यरत चिकित्सकहरू मध्ये आफूले सेवा लिन चाहेको चिकित्सकवाट सेवा लिन पाउने व्यवस्था हुनुपर्ने।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफा सुग्घर राखिएको हुनुपर्ने ।

(झ) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षाको व्यवस्था गरेको हुनुपर्ने ।

(ञ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको सेवाशर्त सम्बन्धी विनियम बनाएको हुनुपर्ने ।

(ट) स्वास्थ्य संस्थाले संघीय सरकारवाट सञ्चालित सेवा वा कार्यक्रम संचालन गर्दा संघीय सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्ने ।

(ठ) अस्पतालले२४ सै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनुपर्ने ।

(ड) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्ने र सो को विवरण सवैले देख्ने ठाँउमा राख्नुपर्ने ।

(ढ) आकस्मिक कक्षबाट बिरामी भर्ना गर्ने, प्रेषण गर्ने, विरामीको प्रेषण प्रक्रिया र विरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्ने र सो को व्यहोरा सवैले देख्ने ठाँउमा राख्नुपर्ने ।

(ण) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, वेवारिसे विरामीका लागि कुल शैयाको १० प्रतिशत शैया छुट्याई नगरपालिका, वडा कार्यालयले सिफारिस गरेका विरामीलाई अनिवार्य, निःशुल्क उपचार सेवा उपलब्ध गराउनु पर्ने र सो को अभिलेख सहितको प्रतिवेदन नगरपालिकामा पठाउनु पर्ने ।

(त) अस्पतालहरुमा जेष्ठ नागरिकका लागि विशेष किसिमको सुविधा दिनु पर्ने ।

(थ) स्वास्थ्य संस्था संचालन गरिने भवन र अन्य पूर्वाधार भवन सहिंता र स्वास्थ्य भवन पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनुपर्ने ।

(द) अस्पतालले विपद व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्ने।

(ध) यो नियमावली र प्रचलित कानूनमा उल्लेख भएका मापदण्डलाई सबै स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने र गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिवद्धता सहितको नागरिक वडापत्र सार्वजनिक गर्नुपर्ने ।

(न) प्रत्येक स्वास्थ्य संस्थाले वार्षिक रुपमा गुणस्तरीय सेवाको मापदण्ड पालना भए, नभएको सम्बन्धमा स्वःमूल्यांकन गरी सुधार गर्नुपर्ने देखिएमा तत्काल सुधारको योजना बनाई कार्यान्वयन गर्नुपर्ने ।

(प) प्रत्येक महिना नगरपालिकामा तोकिएको ढाँचामा विवरण र प्रतिवेदन बुझाउनुपर्ने ।

(फ) सूचना अधिकारी तोक्नुपर्ने र सूचना अधिकारीको पहिचान सेवाग्राहीले देखिने ठाँउमा टाँस गर्नु पर्ने ।

**५०. स्वास्थ्य संस्था सम्बन्धी मापदण्डहरुको विस्तृत विवरण :** (१) स्वास्थ्य संस्था सम्बन्धी भौतिक पूर्वाधार, औषधि, औजार उपकरण, सरसफाई, जनशक्ति र सेवा सम्बन्धी न्युनतम मापदण्डहरूको विस्तृत विवरण नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम नगरपालिकाले निर्धारण गर्नेछ ।

(२) उप नियम (१) बमोजिमको मापदण्ड निर्धारण नहुन्जेल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति (मापदण्ड) सम्बन्धी निर्देशिका र प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिमका प्रचलित मापदण्डको अधिनमा रही कार्यपालिकाले नगरपालिकाका स्वास्थ्य संस्थाहरूको गुणस्तर, जनशक्ति, औजार उपकरण, सेवा सुविधा लगायतका विषयमा छुट्टै मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**५१. अनुगमन समिति** : (१) ऐनको दफा ११ बमोजिम नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरु को पूर्वाधार, इजाजतपत्र र नवीकरण एवं सेवा गुणस्तरको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछ ।

(क) नगरपालिका उपप्रमुख - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक वा निजले तोकेको समितिको सदस्य - सदस्य

(ग) अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट - सदस्य

(घ) कार्यपालिकाले तोकेको सम्बन्धित विषयको विज्ञ- सदस्य

(ङ) नगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) उपनियम (२) समितिले सेवा गुणस्तर अनुगमन तथा निरीक्षणको शिलसिलामा उपभोक्ता हित संरक्षणको क्षेत्रमा क्रियाशिल संस्थाका प्रतिनिधि, पत्रकार, सुरक्षा निकायका प्रतिनिधि र अन्य विषय विज्ञलाई सहभागी गराउन सक्नेछ ।

(३) यस नियमावली बमोजिम संचालन इजाजत लिई नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका र नगरपालिकाले आफैं संचालन गरेका प्रत्येक स्वास्थ्य संस्थाको अनुगमन वर्षमा कम्तिमा दुई पटक अनिवार्य रुपमा र आवश्यकता अनुसार जुनसुकै वखत अनुगमन समितिले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(४) स्वास्थ्य संस्थाको पूर्वाधार, इजाजतपत्र र नविकरण गर्ने प्रयोजनका लागि अनुगमन गरी सिफारिस गर्न अनुगमन समितिले स्वास्थ्य शाखाको प्रमुखको संयोजकत्वमा एक प्राविधिक उपसमिति बनाई प्रतिवेदन लिन सक्नेछ । सो प्राविधिक उपसमितिमा स्वास्थ्य संस्थाको सेवाको⁄कृति बमोजिम ल्याव टेक्निसियन वा अधिकृत, रेडियोग्राफर वा अधिकृत, पब्लिक हेल्थ नर्स वा अधिकृत, फार्मेसी असिस्टेन्ट वा अधिकृत, आयुर्वेद वा वैकल्पिक चिकित्सा क्षेत्रको बिज्ञ र सब इन्जिनियर (सिभिल)सदस्यको रूपमा रहनेछन् ।

(५) उप नियम (४) बमोजिमको प्राविधिक उपसमितिमा सम्बन्धित क्षेत्रका विषय विज्ञ नगरपालिकामा उपलव्ध हुन नसकेको अबस्थामा कार्यपालिकाले प्रादेशिक तथा संघीय तहका नियामक निकाय, स्वास्थ्य

कार्यालय, अस्पताल वा जिल्ला स्थित सम्बन्धित क्षेत्रमा कार्यरत प्राविधिकलाई सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ ।

(६) यस नियमावली बमोजिम स्वास्थ्य संस्थाले गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा नियमित अनुगमन र नियमन गर्न अनुगमन समितिले जनस्वास्थ्य निरीक्षक तोक्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम जनस्वास्थ्य निरीक्षक तोक्दा स्वास्थ्य सेवासंग सम्बन्धित क्षेत्रमा नेपाल सरकारले तोके बमोजिमको योग्यता वा अनुभवप्राप्त व्यक्ति मध्येबाट तोक्नुपर्नेछ । तर, जनस्वास्थ्य निरीक्षकको योग्यता पुगेको कुनै कर्मचारी नगरपालिकामा कार्यरत भएको अवस्थामा समितिले सोही कर्मचारीलाई जनस्वास्थ्य निरीक्षकको रुपमा खटाउन सक्नेछ ।

(८) उप नियम (७) बमोजिम खटिएको स्वास्थ्य निरीक्षकले मापदण्डको पालना गर्न स्वास्थ्य संस्थाहरुलाई अवश्यक सुझाव दिने छ र स्वास्थ्य संस्थाले सोको पालना गर्नुपर्ने छ ।

**५२. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था :** (१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यो नियमावली र प्रचलित कानूनमा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष स्वःमूल्यांकन गरी सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र नगरपालिका समक्ष अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका, प्रदेश सरकार र संघीय मन्त्रालयले अनुगमन समितिसंग समन्वय गरी आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा नमुना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यो नियमावलीको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा आकस्मिक निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर र पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सक्नेछ ।

(४) यो नियमावली बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेस नगर्ने स्वास्थ्य संस्थालाई नगरपालिकाले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरिरहेको सेवा पूर्ण वा आंशिक रूपमा बन्द गर्न आदेश दिन सक्नेछ तर प्रादेशिक तथा संघीय सरकारबाट स्वीकृति लिई संचालनमा रहेकाको हकमा सम्बन्धित तह समक्ष सुझाव सहितको प्रतिवेदन दिनेछ ।

(५) उपनियम (४) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नुपूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेस गर्न मौका दिईनेछ ।

(६) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले वाधापार्ने छैन ।

(७) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति नलिएका स्वास्थ्य संस्थामा कुनैपनि चिकित्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन यदि कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीका लागि सम्बन्धित परिषद्मा लेखी पठाईने छ ।

## परिच्छेद-७

## औषधि तथा उपकरण सम्बन्धी व्यवस्था

५३. **औषधि तथा उपकरण आपूर्ति :** (१) आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउन स्वास्थ्य संस्थामा तोकिएको औषधिको नियमित आपूर्तिको व्यवस्था गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्थामा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधिको माग आपूर्ति सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) म्याद नाघेका औषधिको सूची तयार पारी नियमित रूपमा धुलाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम राख्न वातावरण अनुकूलन तथा भेन्टिलेसन युक्त कोठाको व्यवस्था गर्नु पर्नेछ ।

(५) औषधि आपूर्ति तथा वितरण प्रणालीलाई पारदर्शी तथा आर्थिक ऐन अनुसार संचालन गर्नु पर्ने र यसका लागि स्वास्थ्य संस्थाको एक जना कर्मचारीलाई स्टोर किपर तोक्नु पर्नेछ ।

(६) उपनियम (५) अनुसार तोकिएको स्टोरकिपरले नियमित जिन्सी श्रेस्ता मिलाउनु पर्ने र दैनिक औषधिको खपतलाई मौज्दात दैनिक अभिलेख राख्नुपर्ने  साथै चलअचल सम्पत्तिको विवरण जिन्सी रजिष्टर अनुसार दुरुस्त राख्नु पर्नेछ ।

(७) औषधिको माग गर्दा Pull System  मा आधारित माग प्रणाली अपनाउनु पर्नेछ ।

(८) औषधिको माग आपूर्ति गर्दा समुदायमा हुन सक्ने महामारी रोग नियन्त्रणलाई समेत ध्यान पुर्याउनु पर्नेछ ।

(९) म्याद नाघी धुलाएको औषधिलाई बातावरण प्रतिकूल नहुने गरी नष्ट गर्नु पर्नेछ ।

(१०) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी व्यवथापन समिति समक्ष वार्षिक अनुमोदन गराउनु पर्नेछ ।

**५४. औषधि, उपकरण तथा औषधि जन्य सामग्री र पदार्थको खरिद प्रक्रिया :** (१) औषधि, उपकरण तथा औषधि जन्य सामग्री र पदार्थ खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानून बमोजिमको प्रक्रिया अबलम्बन गर्नु पर्नेछ ।

**५५. औषधिको गुणस्तर कायम राख्न बिक्रेताले व्यवस्था मिलाउने :** (१) औषधि बिक्रेताले प्रचलित कानूनमा तोकिए बमोजिमको मापदण्ड पूरा गरी औषधीको भण्डारण गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम औषधी भण्डारण र विक्रि गर्दा औषधीको गुणस्तर कायम राख्न देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ :

(क) औषधी बिक्री कक्ष, भण्डारण कक्ष वा कोठाको तापक्रम र आर्द्रता उत्पादकले तोके बमोजिम कायम राख्ने ।

(ख) औषधी बिक्री कक्ष, भण्डारण कक्ष वा कोठा सफा सुग्घर राख्ने।

(ग) औषधी बिक्री वितरण सम्वन्धमा संहिता र औषधी सम्बन्धी प्रचलित कानूनलाई पालना गर्नु सवै औषधी बिक्रेताको कर्तव्य हुने ।

(३) स्वास्थ्य संस्थाको फार्मेसीले प्रचलित मापदण्ड अनुसारका नियमहरूको पालना गर्नुपर्नेछ ।

**५६. विक्रेताले जानकारी दिनु पर्ने :** सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले जारी गरेको प्रेस्कृप्सन अनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने ब्यक्ति वा औषधि लिनआउने व्यक्तिलाई बिक्रेताले निम्नबमोजिमको जानकारी दिनुपर्नेछ :

(क) औषधिको सेवन बिधि र मात्रा,

(ख) औषधिको सेवन अबधि,

(ग) औषधिबाट हुनसक्ने सामान्य प्रतिअसर,

(घ) औषधि सेवन अवधिभर अपनाउनु पर्ने साबधानी,

(ङ) औषधि सुरक्षित राख्ने स्थान तथा विधि ।

**५७. नगर फार्मेसी सम्बन्धी व्यवस्था :** (१) गुणस्तरीय औषधि सही मात्रामा सही तरिकाले सही अवधिमा सुपथ मूल्यमा उपलब्ध गराउन र औषधि सम्बन्धी सही परामर्श दिई विरामी एवं सेवाग्राहीलाई सुलभ एवं गुणस्तरीय सेवा पुऱ्याउनका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत नगरपालिकाले आफ्नै फार्मेसी सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) नगर फार्मेसी सञ्चालनका लागि प्रचलित कानून र मापदण्डका अधिनमा रही नगरपालिकाले छुट्टै फार्मेसी निर्देशिका बनाउनेछ।

(३) उप नियम (२) बमोजिमको निर्देशिका नवनेसम्मको लागि प्रचलित कानून र नेपाल सरकारको फार्मेसी निर्देशिका, २०७२ बमोजिम नगर फार्मेसी सञ्चालन हुनेछ ।

**५८. विपद् व्यवस्थापन :** (१) कार्यपालिकाको निर्णय अनुसार नगर प्रमुखले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन् कुन् क्षेत्रमा लागू हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(४) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि कार्यपालिकाको निर्णय अनुसार नगर प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद-८

## विविध

**५९. गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाबाट संचालित र नगरपालिकाअन्तर्गत संचालित सबै स्वास्थ्य संस्थाहरुले सबैले देख्ने ठाउँमा उजुरी पेटिका राखी उत्त उजुरी पेटिका नियमित खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) सबै स्वास्थ्य संस्थाहरुले अनुसूची-८ बमोजिमको विरामी बडापत्र (Patient Charter) तयार गरी सवैले देख्ने गरी राख्नु पर्नेछ र सोही अनुसार सेवाको सुनिश्चितता गर्नु पर्नेछ ।

(३) सबै स्वास्थ्य संस्थाहरुले अस्पतालमा आउने विरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गर्नु पर्नेछ ।

(४) नगरपालिकाबाट संचालित र नगरपालिका अन्तर्गत संचालित स्वास्थ्य सेवा, सरसफाइ सेवा र जनस्वास्थ्यसँग सम्बन्धित गुनासो र उजुरीको संकलन र सो को सम्बोधनका लागि नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखलाई गुनासो व्यवस्थापन अधिकारी तोक्न सक्नेछ ।

(५) उपनियम (४) सँग सम्बन्धि तगुनासो र उजुरीका सम्बन्धमा गुनासो व्यवस्थापन अधिकारीले देहाय बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(क) उपनियम (४) बमोजिमका गुनासो र उजुरीहरुको दर्ता गर्ने ।

(ख) गुनासो/उजुरीको प्रकृतिको आधारमा सम्बन्धित स्वास्थ्य संस्थालाई जानकारी गराई सोको सम्वोधन बारे जानकारी सम्बन्धित गुनासो/उजुरीकर्तालाई गराउनु पर्ने साथै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई समेत गराउनु पर्नेछ तर कुनै गुनासो वा उजुरीका विषयमा उजुरीकर्तालाई सनाखत गराउनु पर्ने अवस्था देखिएमा गुनासो सुन्ने

अधिकारीले सो सनाखत गर्न आदेश दिई तत्काल सनाखत गर्नु पर्नेछ ।

(ग) गुनासो व्यवस्थापन अधिकारीले गुनासो र उजूरीका सम्बन्धमा आवश्यकता अनुसार गुनासो/उजुरीकर्ता र सम्बन्धित स्वास्थ्य संस्थाका प्रतिनिधिबीच बार्ता गराई समस्याको समाधानका लागि सहजीकरण गर्न सक्नेछ । यसरी सहजीकरण मार्फत समाधान गरिएको गुनासो/उजुरीको सम्बन्धमा नगरपालिकालाई गुनासो व्यवस्थापन अधिकारीले लिखित जानकारी गराउनु पर्नेछ ।

(घ) गुनासो सुन्ने अधिकारीको सहजीकरणमा समेत गुनासो/उजूरीको व्यवस्थापन हुन नसकेमा सोको व्यहोरा सहित ३ दिनभित्र न्यायिक समितिमा आवश्यक कागजात समेत संलग्न राखी पठाउनु पर्नेछ ।

(ङ) न्यायिक समितिले आवश्यकता अनुसार दुवै पक्षलाई झिकाई गुनासोको व्यवस्थापन गर्नेछ ।

(६) गुनासो व्यवस्थापन अधिकारीले वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

६०. **अभिलेख तथा प्रतिवेदन :** (१) नगरपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु नगरपालिकाको कार्यालयबाट प्राप्त एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार अभिलेख राख्नुपर्नेछ ।

(२) तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेस नगर्ने स्वास्थ्य संस्थालाई नगरपालिकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न र खारेजका लागि सिफारिस गर्न सक्नेछ ।

(३) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई नगरपालिकाको कार्यालयबाट एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम दिने व्यवस्था गराउनु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका विरामीहरुको रोगको विवरण नगरपालिकाले तोकेको ढांचामा प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(५) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा भएको जन्मको विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा र मृत्युको संख्याविवरण स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा दिनुपर्नेछ ।

(६) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा संघीय सरकारले तोकेको Notifiable Diseases का विरामी पत्ता लागेको वा शङ्का लागेको खण्डमा वा कुनै रोगको महामारीको शङ्का लागेमा तुरुन्तै नगरपालिकाको स्वास्थ्य शाखामा सूचना गर्नु पर्नेछ ।

(७) नगरपालिका वा ईजाजतपत्र प्राप्त स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवार प्राप्त व्यक्तिको दायित्व हुनेछ ।

(८) स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ ।

(९) स्वास्थ्य शाखाले आवधिक रूपमा स्वास्थ्य सर्वेक्षण गर्नेछ ।

६१. **सेवा शुल्क निर्धारण समिति** : स्वस्थ्य संस्थाहरुले संचालन गर्ने सेवा बापतको शुल्क निर्धारण गर्नका लागि कार्यपालिकाले उप प्रमुखको संयोजकत्वमा स्वास्थ्य क्षेत्रका विज्ञ समेत संलग्न ३ सदस्यीय सेवा शुल्क निर्धारण समिति गठन गर्नेछ ।

(२) समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाले शुल्क निर्धारण गर्नेछ ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिले सेवा शुल्क निर्धारण गर्दा अन्य कुराका अतिरिक्त संघीय र प्रदेश सरकारले निर्धारण गरेको मूल्यलाई समेत आधार मान्नेछ ।

६२. **मापदण्ड तथा अनुसूचीमा हेरफेर :**नगर कार्यपालिकाले यस नियमावलीमा उल्लिखित मापदण्ड तथा अनुसूचीहरू स्थानीय आवश्यकता र संघीय मापदण्ड अनुसार हेरफेर र थपघट गर्न सक्नेछ।

६३. **व्याख्या गर्ने अधिकार :** यस नियमावलीमा रहेका व्यवस्थाहरुको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

६४. **प्रचलित कानून बमोजिम हुने :** यस नियमावलीमा उल्लेख भएका विषयहरू यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

६५. **नियमावलीको पालना :** यस नियमावलीको पालना गर्नु नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाको दायित्व हुनेछ ।

६६. **स्वतःअमान्य हुने :** यस नियमावलीमा लेखिएका कुनै कुरा प्रचलित संघीय र प्रदेश कानूनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वतःअमान्य हुनेछ।

६७. **मापदण्ड कार्यविधि बनाउन सक्ने :** यस नियमावली कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक मापदण्ड र कार्यविधि बनाउन सक्नेछ।

६८. **खारेजी र बचाउ** : दमक नगर कार्यपालिकाले स्वीकृत गरेको दमक अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७६ र दमक स्वास्थ्य नियमावली, २०७६ यो नियमावली प्रारम्भ भएका मिति देखि स्वत खारेज हुनेछ र सो अनुसार भए गरेका सवै कार्यहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची-१
## (नियम ९ को उपनियम (१) सँग सम्बन्धित)
## डिस्चार्ज सारांश ढाँचा

<table>
<tr><td colspan="2">स्वास्थ्य संस्थाको नाम.................<br>स्वास्थ्य संस्था डिस्चार्ज (Discharge)सारांश</td></tr>
<tr><td>विरामी परिचयपत्र नं.</td><td>मिति :</td></tr>
<tr><td colspan="2">समस्याहरू :<br>...................</td></tr>
<tr><td colspan="2">परीक्षण (Diagnostic) विवरण :<br>.......................<br>.......................</td></tr>
<tr><td colspan="2">उपचारको क्रममा भेटिएका त  था उपचार प्रक्रिया र पद्धति :<br>......................</td></tr>
<tr><td colspan="2">उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि :<br>भर्ना भएको अवधि :<br>भर्ना नभएको :</td></tr>
<tr><td>उपचार सम्बन्धी विवरण<br>.........................<br>.........................</td><td>सिफारिस औषधिको नाम, मात्रा र अवधि<br>.......................</td></tr>
<tr><td colspan="2">डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था,सो समयमा दिएको निर्देशन :<br>..........................................................................................</td></tr>
<tr><td colspan="2">पुनःअस्पताल(Follow up)सम्बन्धीविवरण<br>यस उपचारको क्रममा पुनःअस्पताल आउनु नपर्ने<br>यस उपचारको क्रममा पुनःअस्पताल आउनुपर्ने मिति :</td></tr>
<tr><td colspan="2">अन्य आवश्यक कुराहरु :<br>..........................................................................................</td></tr>
<tr><td colspan="2">........................<br>ईन्चार्जको हस्ताक्षर</td></tr>
</table>

## अनुसूची-२
## नियम ४० को उपनियम (१)सँग सम्बन्धित

## पूर्वाधार स्वीकृतिको मनसायपत्रका लागि निवेदन फाराम

श्री ..........................................................................

.................................................................... ।

निम्नानुसार प्रस्तावित अस्पताल र स्वास्थ्य संस्थाको संचालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेस गरेका छु / छौं ।

....................................
संचालक समितिको तर्फबाट

१. अस्पताल र स्वास्थ्य संस्थाको नाम :-
शैया संख्या :-

२. साधारण सेवा र विशेषज्ञ सेवा अस्पताल वा कस्तो स्वास्थ्य संस्था हो उल्लेख गर्ने :-

३. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना) :

| | | | |
|---|---|---|---|
| जिल्ला : | पालिका : | वडा नं. : | टोल : |
| ब्लक नं. : | टेलिफोन : | मोबाइल : | पो.ब.नं. : |

४. स्वास्थ्य संस्था र अस्पताल खोल्न व्यक्तिहरु (५ प्रतिशतभन्दा बढी शेयर धारण गर्नेहरुको मात्र) :-
नाम :
ठेगाना :
नागरिकता नं. :
मोबाइल नं. :
फोन नं. :

५. स्वास्थ्य संस्थाका लागि आवस्यक जग्गा र स्वामित्वको अवस्था

(क) जग्गाका कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकार :

(ख) लिजमा भए कबुलियतनामामा पेस गर्ने :

६. स्वास्थ्य संस्था र अस्पतालको वित्तीय स्रोत :

(क) निजी लगानी (ख) बैंक कर्जा

(ग) सरकारी (घ) अनुदान सहयोग

(ङ) गैरसरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सोको विवरण

(च) अन्य वित्तीय लगानी : (स्थीर पूँजीलागत) रु. ....................

(क) भवन तथा जग्गाका लागि : रु. ....................

(ख) औजार उपकरणका लागि : रु. ....................

वित्तीय लगानी : (चल पूँजी लागत) रु. ..................

रोजगार संख्या :

अनुमानित आम्दानी: रु. .............. अनुमानित मुनाफा : .............

मासिक : रु. ........... त्रैमासिक : रु. ..........वार्षिक : रु. ...............

७. देहायका विषयहरु समेत समावेश भएको व्यावसायिक कार्ययोजना

**(क) स्वीकृत संस्थाबाट प्रदान गन सेवाहरूका विवरण :**

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| एक्स-रे<br>अल्ट्रासाउण्ड<br>इन्डोस्कोपी<br>इसीजी, ट्रेडमिल<br>प्रयोगशाला<br>................ | खोप<br>गर्भवती, सुत्केरी जाँच<br>परिवार नियोजन<br>..................... | प्रसूतितथा स्त्री रोग<br>जनरल मेडिसिन<br>जनरल सर्जिकल<br>विशेषज्ञ सेवा : जस्तै (प्रसूति सेवा, मृगौला रोग, स्नायु, आँखा, हाडजोर्नी, मानसिक<br>........................ |

**(ख) संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरूको विवरण (संलग्न गर्ने):**

(१) ...................................................................................

(२) ...................................................................................

(३) ...................................................................................

(४) ...................................................................................

**(ग) संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण ( संलग्न गर्ने) :**

(१) विशेषज्ञ :

नाम : पद : योग्यता :

पार्ट टाइम/फुल टाइम :

(२) प्राविधिक :

नाम : पद : योग्यता :

पार्ट टाइम/फुल टाइम :

(३) प्रशासनिक :

नाम : पद : योग्यता :

पार्ट टाइम/फुल टाइम :

**नोट :**

(१) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषद्मा दर्ता भएका हुनुपर्ने । सम्बन्धित परिषद्को प्रमाण पत्र अनिवार्य रुपमा पेस गर्नुपर्नेछ ।

(२) कर्मचारीहरूको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३का दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

(४) प्राविधिक कर्मचारीहरुले कार्य गर्ने अन्य संस्थाहरु भए सोको समेत विवरण खुलाउनुपर्नेछ ।

**अनुसूची-३**

**नियम ४१ को उपनियम (१)सँग सम्बन्धित**

**स्वास्थ्य संस्था स्थापना, सेवा विस्तार वा स्तरोन्नतिको इजाजतपत्रका लागि लागि निवेदन फारम**

(नियम............... को उपनियम (.............) सँग सम्बन्धित)

| |
|---|
| १. स्वास्थ्य संस्थाको नाम : |
| २. शैया संख्या (भएमा खुलाउने) : |
| ३.साधारण सेवा र विशेषज्ञ सेवा स्वास्थ्य संस्था र अस्पताल कुन हो उल्लेख गर्ने : |
| ४. संस्थाका ठेगाना (पत्राचार गर्ने ठेगाना) : |
| जिल्ला: |
| गाउ नगरपालिका : वडा नं.: टोल : |
| व्लक नं. : टेलिफोन न. : |
| ५. संस्था सञ्चालन गर्ने व्यक्तिहरु : |
| नाम : |
| नागरिकता नं. : |
| ठेगाना : |
| फोन नं. : |
| मोबाइल नं. : |
| (आवश्यकता अनुसार थप गर्ने) |
| ६. संस्थाको वित्तीय स्रोत : |
| क. निजी : |
| ख. शेयर कर्जा : |
| ग. सरकारी : |
| घ. गैर सरकारी संस्थाबाट कर्जा लिई संचालन गर्ने भए सो उल्लेख गर्ने : |

| |
|---|
| ङ. अन्य भए खुलाउने : |
| वित्तीय लगानी : (लागत) रु. |
| क. भवन तथा जग्गाका लागि रु. : |
| औजार उपकरणको लागि रु. : |
| जनशक्तिको लागि रु.: |
| अनुमानित आम्दानी रु. : |
| सम्पत्तिको स्रोत (खुलाउने) : |
| अनुमानित मुनाफा रु.: मासिक : त्रैमासिक :<br>वार्षिक : |

७. अस्पताल, नर्सिङ्ग होम, वा अन्य स्वास्थ्य संस्थाको वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरण :

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | अन्य |
|---|---|---|---|
| एक्स-रे<br>अल्ट्रासाउण्ड<br>इन्डोस्कोपी<br>इसीजी, ट्रेडमिल<br>प्रयोगशाला<br>.................... | खोप<br>गर्भवती,<br>सुत्केरी जाँच<br>परिवार नियोजन<br>..................... | प्रसूति तथा स्त्री रोग जनरल मेडिसिन जनरल सर्जिकल<br>विशेषज्ञ सेवा :<br>जस्तै - प्रसूति सेवा, मृगौला रोग, स्नायु, दन्त, हाडजोर्नी, इण्डोस्कोपी | एम.सी.एच. क्लिनिक,<br>परिवार नियोजन<br>....................... |

८. संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरूको विवरण (संलग्न गर्ने) :

(१) ...................................................................................

(२) ..................................................................................

(३) ...................................................................................

(४) .......................................................................

९. संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने) :

(क) विशेषज्ञ :

नाम : पद : योग्यता :

पार्ट टाइम/फुल टाइम :

(ख) प्राविधिक :

नाम : पद : योग्यता :

पार्ट टाइम/फुल टाइम :

(ग) प्रशासनिक :

नाम : पद : योग्यता :

पार्ट टाइम/फुल टाइम :

**नोट :**

(१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा संचालन गर्नपईनेछ ।

(२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरु संस्थामा संलग्न हुन`हे, स्पष्ट उल्लेख हुनुपर्नेछ ।

(३) सबै सेवाहरूको शुल्कबिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

(४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषद्को प्रमाणपत्र अनिवार्य रुपमा पेस गर्नुपर्ने ।

(५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्नहुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारका स्वीकृतिपत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

(७) प्राविधिक कर्मचारीहरुले कार्य गर्ने अन्य संस्थाहरु भए सोको समेत विवरण खुलाउनु पर्नेछ ।

**नोट : स्वास्थ्य संस्था संचालनका लागि निवेदन दिँदा संलग्न गर्नुपर्ने कागजातहरुः**

१. निवेदनफारम

२. कम्पनी दर्ता र संस्था दर्ताको प्रतिलपि

३. संस्था र कम्पनीको विधान र प्रवन्धपत्र, नियमावलीको प्रतिलिपि

४. मूल्य अभिबृद्धि कर वा स्थायी लेखादर्ता प्रमाण-पत्रको प्रतिलपि

५. स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र

६. अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी विवरण

(क) बायोडाटा

(ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि

(ग) प्राविधिक कर्मचारीहरुको सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्रका प्रतिलिपि

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ङ) जनशक्तिहरुको काम गर्ने समय (पार्ट टाइम र फुल टाइम किटान गर्नुपर्ने)

(च) मञ्जुरीनामा र कबुलियतनामा

७. औजार उपकरणको बिवरण तथा स्रोत

८. सम्पूर्ण सेवा शुल्कबिवरण खुलेको कागजात

९. भौतिक सामग्रीको बिवरण

१०. प्रारम्भिक वातावरणीय परीक्षण (IEE)वा वातावरणीय प्रभाव मूल्यांकन( EIA)स्वीकृतिपत्रका प्रतिलिपी(लागू हुने अवस्थामामात्रै)

११. अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव

१२. अस्पतालको आर्थिक नियमावली

१३. अस्पतालले लिने सेवा शुल्कको विवरण र गरीब तथा असहायलाई छुट दिने नीति

१४. प्रदान गरिने सेवाको विवरण

१५. जग्गा र घरको स्वामित्व

१६. घर र कोठा बहालमा लिई सञ्चालन गर्ने भए घर बहाल सम्झौता-पत्र र भवन स्वास्थ्य संस्था संचालन गर्ने राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धी सिफारिस पत्र

१७. भवनको स्वीकृत नक्सा

१८. संस्थाको चलअचल सम्पत्ति बिवरण तथा वित्तीय स्रोत

१९. संस्थाको कार्य योजना Scheme

२०. कर चुक्ता प्रमाण पत्र (लागू हुने अवस्थामा मात्रै)

२१. लेखापरीक्षण प्रतिवेदन (लागू हुने अवस्थामा मात्रै)

२२. बिरामी बडापत्रको नमूना

२३. सम्बन्धित निकायको भवन संहिता सम्बन्धी स्वीकृतिपत्र

२४. भवननिर्माण सम्पन्न प्रमाणपत्र

२५. सम्बन्धित निकायबाट भवनको नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन संहिता मापदण्ड बमोजिम भएको स्वीकृतिपत्र ।

## अनुसूची-४

## नियम ४१ को उपनियम (२) सँग सम्बन्धित

## स्वास्थ्य क्लिनिक, प्रयोगशाला, रेडियोईमेजिङ सेवा तथा पोलिक्लिनिक सञ्चालन अनुमति माग गर्ने निवेदन फारम

**१. संस्थाको नाम :**

**२. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना) :**

जिल्ला : गाउँ र नगरपालिका :

वार्ड नं.: ब्लक नं. :

टेलिफोन नं. : पो.व.नं. :

**३. संस्था खोल्ने व्यक्तिहरु :**

नाम : नागरिकता नं. :

ठेगाना : फोन नं. :

**४. संस्थाको वित्तीय स्रोत :**

क. निजी : ख. शेयर कर्जा : ग. वैदेशिक :

घ. गैर सरकारी : ङ. सामुदायिक : च. अन्य :

**५. संस्थाको क्षमता तथा बिस्तृत कार्य योजना :**

**सेवा प्रदान गर्ने क्षेत्रहरु :**

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| एक्स-रे<br>इण्डोस्कोपी<br>इसीजी,<br>ट्रेडमिल<br>प्रयोगशाला<br>अन्य सेवा :<br>फार्मेसी | खोप<br>एम.सी.एच.<br>परिवार नियोजन<br>गर्भवती, सुत्केरी<br>जाँच<br>परिवार नियोजन | प्रसूतितथा स्त्री रोग<br>अल्ट्रासाउण्ड<br>जनरल मेडिसिन<br>जनरल सर्जिकल<br>विशेषज्ञ सेवा : जस्तै - आँखा, नाक, मुटु, मृगौला रोग, स्नायु आदि |

६. सेवा शुल्क (अलग र स्पष्टसँग) खुलाउने

७. संस्थामा सेवा हुन आवश्यक उपकरणहरुका बिवरण तथा स्रोत :

८. संस्थामा सेवा पुर्‍याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने) :

(क) विशेषज्ञ :

नाम : पद : योग्यता :

पार्ट टाइम/फुल टाइम :

(ख) प्राविधिक :

नाम : पद : योग्यता :

पार्ट टाइम/फुल टाइम :

(ग) प्रशासनिक :

नाम : पद : योग्यता :

पार्ट टाइम/फुल टाइम :

**नोट :**

(१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा संचालन गर्न पाईनेछ ।

(२) उपर्युक्त बमोजिम क कति कर्मचारीहरु संस्थामा संलग्न हुन हो, स्पष्ट उल्लेख हुनुपर्नेछ ।

(३) सबै सेवाहरूको शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

(४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

(५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्नहुन भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९अनुसारका स्वीकृतिपत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

(७) प्राविधिक कर्मचारीहरुले कार्य गर्ने अन्य संस्थाहरु भए सोका समेत विवरण खुलाउनुपर्नेछ ।

## अनुसूची-५
## इजाजतपत्रको ढाँचा
## नियम.... को उपनियम ..... सँग सम्बन्धित)
## सञ्चालन इजाजत-पत्र

इजाजतपत्र नं.

श्री...........................

.................................

स्वास्थ्य संस्था सञ्चालन गर्न इजाजतपत्रको लागि मिति ........................... मा प्राप्त भएको निवेदन उपर कारवाही हुँदा त्यस .................. संस्थालाई सेवा सञ्चालन गर्न दिने गरी मिति.................................मा निर्णय भएकोले .........नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०७६ को दफा............. र नियमावलीको नियम........ तथा देहायका शर्तहरूको अधिनमा रही....... नगरपालिका वडा नं. ........मा .......शैया क्षमताको ..........................( अस्पताल/स्वास्थ्य संस्था) सञ्चालन गर्न नियमावलीको नियम...को उपनियम....बमोजिम यो इजाजतपत्र दिईएको छ ।

१. स्वास्थ्य संस्थाले प्रदान गर्नुपर्ने सेवाहरू

२. इजाजत पत्र कायम रहने अवधिः

**इजाजत दिने अधिकारी**

**दस्तखतः**

**नामः**

**दर्जाः**

**मितिः**

**(इजाजत पत्रको पृष्ठभागमा लेखिने)**

इजाजत प्राप्त स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने शर्तहरू:

१. स्वास्थ्य संस्था सञ्चालन गर्दा तोकिएको न्यूनतम मापदण्ड पालना सम्बन्धमा स्वःमूल्यांकन गरी गुणस्तर सुधार गर्दै जानुपर्नेछ ।

२. नेपाल सरकारबाट स्वीकृत गरिएको सरकारी कार्यक्रम लागू गर्नुपर्नेछ ।

३. नगरपालिकाले जारी गरेका नीति तथा कार्यक्रम लागू गर्नुपर्नेछ ।

४. नगरपालिकाले समय समयमा तोकेका अन्य शर्तहरू पालना गर्नुपर्नेछ ।

**इजाजतपत्रको नवीकरण**

**नविकरण गर्ने निकाय :**....................................

| स्वास्थ्य संस्थाको नाम र ठेगाना | नवीकरण मिति | बहाल रहने मिति | नवीकरण गर्ने अधिकारीको नाम र पद | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची ६

## नवीकरणको लागि दिइने निवेदनको ढाँचा

## (नियम..... को उपनियम......सँग सम्बन्धित)

श्री .......................

..............................

विषय: इजाजतपत्र नवीकरण सम्बन्धमा

........नगरपालिकाबाट मिति................मा प्रदान गरिएको यस......... (स्वास्थ्य संस्था)को इजाजत पत्रको अबधि मिति ..............मा समाप्त हुने भएको हुँदा इजाजतपत्र नविकरण गराउनको लागि देहाय बमोजिमका कागजात संलग्न गरी.......................यस नियमावलीको नियम .........बमोजिम यो निवेदन पेस गरेको छु/छौं ।

संलग्न कागजात विवरण:

१. संस्थाको इजाजतपत्र र पछिल्लो आर्थिक वर्षको करचुत्ताको प्रमाणपत्र
२. दफा ...........बमोजिम स्वःमूल्याङ्कन प्रतिवेदन नियमित रूपमा शाखामा पेश गरेको प्रमाण
३. नियम....... बमोजिमका मापदण्ड कायम गरेको स्वघोषणा

संस्थाको छाप

स्वास्थ्य संस्थाको तर्फबाट निवेदन दिने व्यक्तिको,:-

दस्तखत:

पूरा नाम:

पद:

मिति:

## अनुसूची-७

### नियम ४१ को उपनियम (८) सँग सम्बन्धित

### स्वास्थ्य संस्था स्थापना तथा नवीकरण अनुमति दस्तुर

| सि नं. | संस्थाका किसिम | शुल्क निर्धारण इकाई | स्थापनाका लागि दस्तुर रकम रू. | नविकरणका लागि दस्तुर रकम रू. |
|---|---|---|---|---|
| १ | अस्पताल तथा नर्सिंङ होम | शैया संख्या | प्रतिशैया रू. ४००० | प्रतिशैया रू. ५०० |
| २ | डायग्नोस्टिक सेन्टर | सेवाप्रकार | प्रति सेवा रू. १०००० | प्रति सेवा रू. १००० |
| ३ | पोलिक्लिनिक र क्लिनिक | सेवाप्रकार | प्रति सेवा रू. १०००० | प्रति सेवा रू. १००० |
| ४ | आयुर्वेद अस्पताल र वैकल्पिक चिकित्सा | शैया संख्या | प्रतिशैया रू. २००० | प्रतिशैया रू. १००० |
| ५ | आयुर्वेद क्लिनिक | सेवाप्रकार | प्रति सेवा रू. ५००० | प्रति सेवा रू. ५०० |

**नोटः** नगरपालिकाले तोकेका दुर्गम क्षेत्रमा स्वास्थ्य संस्था स्थापना वा बिस्तार गरेमा नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी माथि उल्लिखित दस्तुरमा निश्चित प्रतिशत छुट दिन सक्नेछ ।

## अनुसूची-८
## नियम ५९ को उपनियम (२) सँग सम्बन्धित
## स्वास्थ्य संस्थाबाट प्रदान गरिने विरामी सेवाको वडापत्रको ढाँचा

| सि.नं. | शाखा र इकाइ | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**